पनौती नगरपालिका, २०७३

# पनौती नगरपालिका

# स्थानीय राजपत्र

**खण्ड : ४** **संख्या :४** **मिति : २०७७/०५/२८**

**भाग-२**

## पनौती नगरपालिकाको

### सहकारी संस्थाहरुको साधारण सभा संचालन सम्बन्धि विशेष व्यवस्था २०७७

हाल विश्वव्यापी महामारीको रुप लिइरहेको COVID-19 को संक्रमण नियन्त्रण र व्यवस्थापन चूनौतीपूर्ण रहेको छ । वर्तमान समय जनस्वास्थ्यको हित प्रवर्द्धनमा केन्द्रित रहनुपर्ने भई स्वास्थ्य सुरक्षाका मापदण्ड पालना गरी गराई आफ्ना गतिविधि सँचालन गर्दा संक्रमण विस्तार हुन नसक्ने भएकोले,

आर्थिक वर्षको प्रारम्भ पश्चातका पछिल्ला केहि महिना सहकारी सँस्थाहरुको नियमित साधारण सभाको समय भएकोले यस्तो सभामा स्वभाविक रुपमा हजारौं सदस्यको एकसाथ सहभागिता हुने अवस्थामा सहभागिताको संख्यात्मक उपस्थितिलाई प्रतिनिधिमूलक वनाई सभा सम्पन्न गर्न सक्दा सम्भावित जोखिम कम हुने हुँदा तत् सम्बन्धि कार्यका लागि संक्रमणकालिन समयमा साधारण सभा संचालन सम्बन्धि विशेष व्यवस्था हुन बान्छनिय भएकोले नगर सहकारी विकास समितिको सिफारिस एवं विधेयक समितिको सैद्धान्तिक सहमतिमा मिति २०७७/०५/२५ को पनौती नगरकार्यपालिका बैठकले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११(ख)१, पनौती नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५को दफा ४ तथा नगर सहकारी ऐन२०७४ को दफा १०२ को अधिकार प्रयोग गरी **सहकारी संस्थाहरुको साधारण सभा संचालन सम्बन्धि विशेष व्यवस्था २०७७** स्वीकृत गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ :** क) यसको नाम सहकारी संस्थाको साधारण सभा संचालन सम्बन्धि विशेष ब्यवस्था २०७७ रहने छ।

ख) यो व्यवस्था कार्यपालिकाले स्वीकृत गरेका मितिदेखि लागू हुनेछ।

**२. उद्देश्य :**

क. सहकारी संस्थाहरुको साधारण सभालाई एउटै ढाँचामा समयमै संचालन गराउने ।

ख. COVID-19 को संक्रमणको जोखिमलाई कम गराउने।

ग. सदस्यको हित प्रवर्द्धनलाई सुनिश्चित गर्ने।

घ. संस्थाका गतिविधिलाई निरन्तरता दिने।

**३. साधारण सभाको सूचना** : साधारण सभाको लाीग जारी गरिने सूचना साधारण सभाभन्दा ७ दिन अगाडी जारी गर्नुपर्नेछ।

**४. प्रतिवेदन:**

क) सदस्यले प्रष्ट बुझ्ने ढाँचामा संस्थाको संक्षिप्त प्रगति प्रतिवेदन र प्रस्तावित वजेट योजना तथा कार्यक्रम,लेखापरिक्षकको सुझाव र टिप्पणी समेत

संलग्नगरि प्रतिवेदन तयार पारी साधारण सभाको सूचनाको साथमा सदस्यलाई निजको घरदैलोमा पठाउनुपर्नेछ ।

ख) माथि क. बमोजिमको घरदैलो गर्दा क्षेत्र निर्धारण गरी भिडभाड नगरी,मास्कको उचित प्रयोग गरेर,भौतिक दुरी कायम गरी प्रवाह गर्नुपर्नेछ ।

**५. सहभागिताः**

क) आफ्नो कार्यक्षेत्रलाई विभिन्न क्लष्टरमा विभाजन गर्नुपर्नेछ । यसरी विभाजन गर्दा अधिकतम २०० संख्याभन्दा वढी हुनेगरी विभाजन गर्न पाइने छैन ।

ख) प्रत्येक क्लष्टरमा १०० जनाभन्दा बढीको भेला राख्न पाइनेछैन । यस्तो भेलावाट कुल २०० संख्यामा नबढ्ने गरी १ हजार जनासम्म सदस्य भएको संस्थाले ५ जना र सो भन्दामाथि सदस्य संख्या भएको संस्थाले ३ जना प्रतिनिधि चयन गर्नुपर्नेछ ।

ग) १०० जनाको भेला १० वटाभन्दा बढी भएमा क्षेत्र र भूगोल मिल्ने गरी प्रति १० भेला वरावर एक क्षेत्रिय सभा गर्नुपर्नेछ ।यस भेलाले उल्लेखित (ख) बमोजिमकै अनुपातमा प्रतिनिधि छान्नुपर्नेछ र यस भेलामा क्लष्टरको निष्कर्ष प्रस्तुत गर्नुपर्नेछ ।

घ) क्लष्टरको भेलामा औपचारिक उद्घाटनका भद्दा र समय बढी लाग्ने कार्यक्रम समावेश गर्न पाइनेछैन । यस्तो भेलाको नेतृत्व संस्थाको संचालक मध्ये १ जनाले गर्नुपर्नेछ ।

ङ) साधारण सभामा छलफल हुने विषय प्रस्तुत गर्ने,उठेका जिज्ञासा प्रष्ट्याउने,राय सुझाव संकलन गर्नुपर्नेछ ।

च) क्लष्टर भेलालाई साधारण सभाको अंश मानिनेछ ।

छ) संस्थाको निर्णय बमोजिम दिइने परिवहन,खाजा खर्च वापतको रकम सोही दिनमा उपस्थिति सँगै दिनुपर्नेछ ।

ज) साधारण सभाको परिवहन खर्च कर बाहेक अधिकतम रु.२००। भन्दा वढी दिन पाइने छैन ।

झ) कार्यक्रममा खाना,खाजा जस्ता भोज भतेर गर्न पाइनेछैन ।

ञ) पदावधि समाप्त भई निर्वाचन गर्नुपर्ने वर्ष रहेको भए संचालक समितिमा सर्वसम्मत निर्णय गराई विशेष परिस्थितिको कारण जनाइ १ वर्ष म्याद विस्तार गर्ने र उक्त निर्णयको सहमतिका लागि नगरपालिका सहकारी शाखामा लेखि पठाउनुपर्नेछ ।

ट) माथि ञ. बमोजिम सर्वसम्मत निर्णय नहुँदाको अवस्थामा प्रत्येक क्लष्टरबाट निर्वाचनमा उम्मेदवार हुने सदस्यहरुको नाम सूचीकृत गर्ने र मतदान हुने अवस्था आएमा उम्मेदवार स्वयं र क्लष्टरवाट छानिएका प्रतिनिधिले मात्र मतदानमा भाग लिने, तर यस्तो सँख्या २०० जनाभन्दा वढी भई भीडभाड हुने देखिएमा क्लष्टर अनुसारको समय निर्धारण गरी प्रभावकारी पूर्व सूचना प्रवाह गर्नुपर्नेछ ।

**६. मुख्य साधारण सभा र निर्णय प्रकृया :**

क) प्रत्येक क्लष्टरमा सम्पन्न भएको भेलाको निष्कर्ष साधारण सभामा पेश गर्नुपर्नेछ ।

ख) क्लष्टरवाट प्रतिनिधि छाँनिदा अधिक संख्या भई क्षेत्रीय सभा गर्नुपरेको हकमा क्लष्टरको निष्कर्ष प्रस्तुत नगरी क्षेत्रीय सभाको निष्कर्ष पेश गर्नुपर्नेछ ।

ग) पूर्व प्रेषित विषयवस्तु उपर मात्र छलफल गर्नुपर्नेछ ।

घ) साधारण सभामा पुरस्कार,सम्मान,साँस्कृतिक कार्यक्रम जस्ता कार्यक्रमहरु समावेश गर्न पाइने छैन ।

ङ) अभियानका नेता, राष्ट्रिय व्यक्तित्व, बाह्य व्यक्तिलाई अतिथिको रुपमा आमन्त्रण नगर्ने, स्थानीय रुपमा उपलब्ध संस्थाले उपयुक्त ठह्याएको व्यक्ति वा संस्थाको ज्येष्ठ सदस्य वा संस्थाको अध्यक्षवाटै साधारण सभाको उद्घाटन गर्ने ब्यवस्था मिलाउनुपर्नेछ ।

च) संचालकको म्याद विस्तार भएकोमा सो को अनुमोदन गर्नुपर्नेछ ।

**७. साधारण सभा सम्पन्न गर्नुपर्ने अवधिः** सामान्यतयाः ०७७ माघ मसान्तसम्म साधारण सभा सम्पन्न गरि फागुनमसान्तभित्र प्रतिवेदन पेश गर्नुपर्ने ब्यवस्था मिलाउनुपर्नेछ ।

**८. संस्थाको लेखापरिक्षण :**

क. साधारण सभाले पारिश्रमिक सहित सम्बन्धित लेखा परिक्षकको नाम किटानी गरेकाको हकमा निजवाटै सिधै लेखापरिक्षण गराउन बाधा नपर्ने र सभाले निर्णय नगरेको हकमा संचालक समितिले निर्णय गरि सहमतिकालागि सहकारी शाखामा लेखि पठाउनुपर्नेछ ।

ख. सामान्यतया:असोज मसान्तभित्र लेखापरिक्षण गराइसक्नुपर्नेमा यस वर्ष ०७७ कार्तिक मसान्तभित्र लेखापरिक्षण गराउन बाधा पर्ने छैन ।

**९. अनुगमन सम्बन्धि व्यवस्था** : सहकारी संस्थाहरुको साधारण सभा यो विशेष व्यवस्था अनुरुप भए नभएको सम्बन्धमा नगरपालिकाको सहकारी शाखाले अनुगमन गरि प्रतिवेदन तयार पार्नेछ ।

**१०. वाधा अड्काउफुकाउ :** यो विशेष व्यवस्था उपर कुनै थपघट, हेरफेर गर्नुपर्ने वा स्पष्ट गर्नुपर्ने भएमा विषयगत समिति/शाखाको सिफारिसमा कार्यपालिकाले आवश्यक निर्णय गर्नेछ ।

**११. खारेजी र वचाउ** :

क. यो विशेष व्यवस्था वमोजिम भएको साधारण सभा प्रचलित कानूनी व्यवस्था वमोजिम नै भएको मानिनेछ ।

ख. यसमा लेखिएको कुराहरुको हकमा यसै विशेष व्यवस्था बमोजिम र अन्य कुराका हकमा प्रचलित सहकारी ऐन नियम बमोजिम हुनेछ ।

ग. यो विशेष व्यवस्था २०७८ असारमसान्त पछि स्वत:खारेज हुनेछ ।

**आज्ञाले**

**प्रमाणीकरण मिति : २०७७/०५/२५**

**हरी प्रसाद चापागाई**

**प्रमुख प्रशासकीय अधिकृत**